कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २६ | अंक: ११९ | वि.सं. २०८३ साउन २६ मंगलवार | नेपाल संवत: ११४५, श्रावण कृष्ण चतुर्दशी | Tuesday 11 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# स्पष्ट नीति नहुँदा प्राकृतिक स्रोतको राजस्व बाँडफाँडमा बर्षौंदेखि विवाद

**स्थानीय तहको बीचमा पर्ने साझा खोलाहरूको उपभोग गर्ने विषयमा स्पष्ट वा विशेष नीतिको व्यवस्था छैन । स्पष्ट नीति नहुँदा स्थानीय तहबीचको आपसी समझदारी नै उपभोगको आधार बनेको छ । यद्यपि कतिपय स्थानीय तहहरुबीच आपसी समझदारी नहुँदा र भएको सम्झौता कार्यान्वयन नहुँदा साझा खोला भएपनि राजस्व भने कुनै एउटा पालिकाले मात्र उठाउने गरेको पाईन्छ । तर, पछि राजस्व वितरण गर्दा भने कुन आधारमा दिने भन्नेमा अन्यौल रहन्छ ।**



**युग संवाददाता**
**सुर्खेत, २५ साउन ।**

सुर्खेतको झुप्रा खोलाले वीरेन्द्रनगर नगरपालिका र लेकवेशी नगरपालिकाको भौगोलिक सिमाना मात्र छुट्याएको छैन । प्राकृतिक स्रोतको राजस्व बाँडफाँडलाई लिएर दुई पालिकाबिच खटपट समेत बढाएको छ ।

सीमा क्षेत्रको साझा खोलाबाट वीरेन्द्रनगरले एकलौटी राजस्व संकलन गरेको भन्दै लेकवेशी नगरपालिकाले आफ्नो हिस्सा माग गरेपनि स्पष्ट नीतिगत व्यवस्था नहुँदा लामो समयदेखि दुई पालिकाबीचको विवाद सुल्झन सकेको छैन ।

प्राकृतिक स्रोत र राजस्वका हिसाबले सिमनामा पर्ने भएकाले झुप्रा खोला वीरेन्द्रनगर र लेकवेशी नगरपालिकाको साझा हो । दुई पालिकाले आपसी समझदारी गरेर खोलाको स्रोत उपभोग र राजस्व संकलन गर्नुपर्ने हो । तर, आर्थिक बर्ष २०७४/०७५ यता लगातार नौ बर्षदेखि वीरेन्द्रनगर एक्लैले खोलामा ठेक्का लगाउँदै आएको छ भने लेकवेशीले एक रुपैयाँ पनि राजश्व पाएको छैन ।

लेकवेशी नगरपालिकाका मेयर उमेशकुमार पौडेलका अनुसार, दुई पालिकाका प्रतिनिधि बिच विगतमा आपसी समझदारी भएको थियो । यो समझदारीअनुसार वीरेन्द्रनगरले झुप्रा खोलामा एकल ठेक्का लगाएपनि ३५ प्रतिशत राजस्व लेकवेशीलाई दिनुपर्ने थियो ।

'हामीले मौखिक रुपमा एक खालको सहमति गरेको हो, यसमा प्रदेशलाई दिनुपर्ने र वीरेन्द्रनगरले ठेक्कालगायतका प्रक्रियामा गरेको खर्च कटाएर बचेको बाट हामीलाई ३५ प्रतिशत दिनुपर्ने हो,' लेकवेशी नगरपालिकाका मेयर पौडेल भन्छन्, '

बाँकी ३ पेजमा

## स्पष्ट नीतिको अभाव

वीरेन्द्रनगर नगरपालिकाले लेकवेशी नगरपालिकासँगको साझा खोला झुप्राबाट बर्षेनी एक करोड हाराहारीमा राजस्व उठाउँछ । नगरपालिकाका आन्तरिक लेखा परीक्षक पुष्पकेशर खनालका अनुसार आर्थिक बर्ष २०८२/०८३ मा नगरपालिकाले झुप्रा खोलाबाट मात्र ९९ लाख २६ हजार ३१४ रुपैयाँ राजस्व संकलन गरेको छ ।

यो राजस्वबाट लेकवेशी नगरपालिकाले दावी गरेअनुसार बाँडफाँट गर्ने हो भने उसले मोटामोटी ३४ लाख ७४ हजार रुपैयाँ अघिल्लो आर्थिक बर्षमा मात्र पाउनुपर्ने हो । यद्यपि लेकवेशीले नौ बर्षदेखि वीरेन्द्रनगरबाट आफूले दावी गरेको राजस्व पाएकै छैन । बराहतालसँगको साझा खोला गिरीघाटबाट मात्र कति राजस्व उठ्यो भन्ने यकिन भने छैन ।

गिरीघाट खोलामा दक्षिणतर्फ वीरेन्द्रनगरको पनि केही भाग पर्ने भएकाले यसको यकिन राजस्व विवरण निकाल्न नसकिने नगरपालिकाले जनाएको छ । वीरेन्द्रनगरले पछिल्लो एक आर्थिक बर्ष आफ्नो क्षेत्रको गिरीघाट खोलामा पनि ठेक्का लगाएको छैन ।

आन्तरिक लेखापरीक्षक खनालका अनुसार आर्थिक बर्ष २०८१/०८२ मा भने झुप्रा, भेरी र गिरीघाट खोलाबाट कुल १ करोड ९९ लाख ६६ हजार ७८५ रुपैयाँ राजस्व उठेको थियो । यसमा पनि सबैभन्दा बढी हिस्सा झुप्रा खोलाको

बाँकी ३ पेजमा

## निष्प्रभावी अनुगमन समिति

ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन २०७९) ले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा 'जिल्ला अनुगमन समितिको व्यवस्था गरेको छ ।

यसको दफा ९ (१) अनुसार सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी सहसंयोजक रहने व्यवस्था छ भने प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुख, डिभिजन वन कार्यालयका प्रमुखलगायत सदस्य रहने व्यवस्था छ । जिल्ला समन्वय अधिकारी सदस्य सचिव रहने व्यवस्था छ ।

यसरी बनेको सुर्खेतको अनुगमन समितिले पालिकाहरुको बीचमा पर्ने साझा खोलाका विषयमा उत्पन्न हुने विवादको समाधान गर्न सकेको अवस्था छैन । समितिलाई दिईएको अधिकारहरु भित्र यही विवाद मिलाउनका लागि भनेर स्पष्ट अधिकार

बाँकी ४ पेजमा

## आलोपालो अभ्यास

वीरेन्द्रनगर नगरपालिका, लेकवेशी नगरपालिका र बराहताल गाउँपालिकाबीच भएजस्तै कर्णालीका अन्य पालिकाहरुमा पनि साझा खोला र त्यस्तै प्राकृतिक स्रोतहरु छन् । यद्यपि ती पालिकाहरुमा यस्तो विवाद भने छैन ।

लेकवेशी नगरपालिका र गुर्भाकोट नगरपालिकाबीच पनि एउटा साझा खोला छ । दुवै पालिकाले आलोपालो नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का लगाउने गरेका छन् । लेकवेशीका मेयर पौडेलले भने, 'गुर्भाकोट र हामीबीच अहिले पनि आलोपालो सहमति भएको छ, एक बर्ष गुर्भाकोटले राजस्व उठाएपछि अर्को बर्ष हामीले उठाउँछौं । वीरेन्द्रनगरसँग भने यही आधारमा जान खोज्दा

बाँकी ४ पेजमा

# मनसुन सक्रिय भएसँगै बाँकेमा तीव्र धान रोपाई



**सरला सुवेदी**
**बाँके, २५ साउन ।**

मनसुन सक्रिय भएसँगै बाँकेमा धान रोपाईँले तीव्रता पाएको छ । जिल्लामा धान खेतीयोग्य कुल क्षेत्रफलको ९७ प्रतिशतभन्दा बढी भूभागमा रोपाइँ सम्पन्न भएको छ । पछिल्लो वर्षासँगै खेतमा पर्याप्त चिस्यान भएपछि किसानहरू रोपाइँमा जुटेका हुन् ।

कृषि ज्ञान केन्द्र बाँकेका अनुसार जिल्लामा करिब ३३ हजार ५ सय ७० हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएकोमा हालसम्म ३२ हजार ६ सय ९७ हेक्टर अर्थात् ९७.३९ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ ।

रोपाइँ अन्तिम चरणमा पुगेको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लाका अधिकांश सिँचाइ सुविधा पुगेका क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको छ भने आकाशे पानीमा निर्भर केही क्षेत्रमा मात्रै रोपाइँ गर्न बाँकी रहेको छ ।

कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख डा. विनोद घिमिरेका अनुसार सिक्टा सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रसहित अन्य सिँचाई सुविधा पुगेका अधिकांश स्थानमा किसानले धान रोपिसकेका छन् । पछिल्लो समय पर्याप्त वर्षा भएपछि वर्षाको भरमा खेती गर्नुपर्ने क्षेत्रहरूमा समेत रोपाईंले गति लिएको उनले बताए ।

यस वर्ष मनसुन केही ढिलो सक्रिय भएकाले धान रोपाइँ सुरु हुन केही ढिलाइ भएको थियो। सुरुआती समयमा वर्षा नहुँदा किसान चिन्तित बनेका थिए । तर पछिल्ला दिनमा भएको वर्षाले खेतमा आवश्यक चिस्यान पुगेपछि रोपाइँले गति लिएको हो ।

बाँकेमा सामान्यतया असार दोस्रो सातादेखि धान रोपाइँ सुरु हुने र भदौ पहिलो सातासम्म चल्ने गर्छ । यस वर्ष पनि अधिकांश

बाँकी ३ पेजमा

# एक करोड ९४ लाख राजस्व सङ्कलन

**सरला सुवेदी**
**जुम्ला, २५ साउन ।**

यातायात व्यवस्था सेवा कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा कुल एक करोड ९४ लाख ४४ हजार राजस्व जम्मा गरेको छ । आ.व. २०८१/८२ भन्दा गत आवमा करिब रु ५० लाख बढी राजस्व जम्मा भएको छ । चालक अनुमतिपत्र, सवार ीसाधनको सङ्ख्यामा वृद्धि र सेवाप्रवाह छिटोछरितो भएकाले राजस्व बढेको यातायात व्यवस्था सेवा कार्यालयले जनाएको छ ।

पकेट तथा रुट परमिटबाट रु १८ लाख ८८ हजार सवारी दर्ता किताब दस्तुरबाट रु ६४ लाख ९२ हजार, अग्रिम आयकरमार्फत ६ लाख ६८ हजार, बेरुजु असुली एक हजार ५७५ र सवारीसाधन करबाट रु एक करोड ३९ लाख तीन हजार राजस्व जम्मा भएको कार्यालय प्रमुख राजेन्द्र कार्कीले बताए ।

सोही अवधिमा मोटरसाइकल, स्कुटर र मोपेड वर्ग (ए) अन्तर्गत १८८ वटा, कार, जिप, डेलिभरी भ्यान वर्ग (बी) अन्तर्गत ३८ र चालक अनुमतिपत्र प्रतिलिपि तथा नवीकरण ३९४ गरी जम्मा ६२० वटा लाइसेन्स वितरण गरिएको छ ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# नेतृत्वविहीन प्रशासन

सुर्खेतका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीको सरुवा भएको दुई साता पुग्न लाग्यो । । तर, नयाँ सिडिओ कहिले आउने हुन् अत्तोपत्तो छैन । जोशी २ असार २०८३ मा सुर्खेतको सीडीओका रूपमा आएका थिए । डेढ महिना पनि पूरा नहुँदै १३ साउनमा भएको मन्त्रीपरिषद् बैठकले उनको सरुवा सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा गऱ्यो । तर, उनको स्थानमा नयाँ सीडीओ पठाउने काममा गृह मन्त्रालयले ढिलाइ गरिरहेको छ। सीडीओ जिल्ला प्रशासनको प्रमुख मात्र होइन, जिल्लामा राज्यको समन्वयकारी उपस्थिति हो । शान्ति-सुरक्षा कायम गर्ने, विपद् व्यवस्थापन गर्ने, अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउने तथा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने जिम्मेवारीमा सीडीओको भूमिका निर्णायक हुन्छ । सुर्खेतको हकमा यो जिम्मेवारी अझ संवेदनशील छ, किनभने यो कर्णाली प्रदेशको राजधानी हो । यहाँ प्रदेश सरकारका मन्त्रालय, संघीय कार्यालय, सुरक्षा निकाय तथा राजनीतिक गतिविधिको केन्द्र रहेको छ। कुनै आन्दोलन, विरोध प्रदर्शन, प्राकृतिक विपद् वा अन्य आकस्मिक अवस्था उत्पन्न हुँदा सुरक्षा निकाय र सम्बन्धित सरकारी संयन्त्रबीच प्रभावकारी समन्वयका लागि जिल्ला प्रशासनको बलियो नेतृत्व आवश्यक पर्छ। अहिले वर्षायाम छ।

बाढी, पहिरो र डुबानको जोखिम बढेको छ। यस्तो अवस्थामा उद्धार, राहत, सुरक्षा निकाय परिचालन र स्थानीय तहसँगको समन्वयमा प्रशासनको सक्रियता अपरिहार्य हुन्छ। नेतृत्व रिक्त हुँदा नियमित काम निमित्तको भरमा चलाउन सकिए पनि संवेदनशील निर्णयमा त्यसको असर पर्न सक्छ । सरकारले यस्तो जोखिमलाई सामान्य विषयका रूपमा लिनु हुँदैन । यसको अर्को उदाहरण सुर्खेतमा देखिएको एलपी ग्यास अभाव हो । वीरेन्द्रनगरमा हप्तौँदेखि ग्यासका लागि उपभोक्ताले लाइन बस्नुपरेको छ । विद्यार्थी, मजदुर, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विपन्न परिवार सबैभन्दा बढी प्रभावित छन् । नेपाल आयल निगमले पर्याप्त आपूर्ति भइरहेको दाबी गरे पनि बजारमा उपभोक्ताले सहज रूपमा ग्यास पाउन नसक्नु आफैंमा आपूर्ति प्रणालीको गम्भीर समस्या हो । कृत्रिम अभाव, कालोबजारी, अस्वाभाविक मूल्यवृद्धि वा वितरणमा विभेद भएको अवस्थामा बजार अनुगमन र नियमन प्रभावकारी बनाउनु प्रशासनको दायित्व हो । ग्यास डिलर, गोदाम र बिक्री केन्द्रको मौज्दात, मूल्य र वितरण प्रणालीको अनुगमन गरी दोषीमाथि कारबाही गर्नुपर्ने जिम्मेवारीबाट प्रशासन पन्छिन मिल्दैन ।

तर, बजारको अवस्था र प्रशासनको दाबीबीच देखिएको अन्तरले प्रश्न उठाएको छ। निमित्त प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले नियमित प्रशासनिक काम सञ्चालन गरिरहे पनि सीडीओकै प्रत्यक्ष नेतृत्व र निर्णय आवश्यक पर्ने विषयमा लामो समयसम्म रिक्तता राख्नु उचित होइन । सरकारले प्रशासनलाई चलिरहेको छ भनेर मात्र सन्तुष्ट हुनु हुँदैन । सीडीओको सरुवा नियमित प्रक्रिया हुन सक्छ, तर नयाँ नेतृत्वको पदस्थापनमा हुने अनावश्यक ढिलाइ नियमित हुन सक्दैन । विशेषगरी प्रदेश राजधानी र विपद्को जोखिमयुक्त जिल्लामा प्रशासनिक नेतृत्वलाई लामो समय रिक्त राख्नु नागरिकप्रतिको जवाफदेहितामाथि प्रश्न हो । गृह मन्त्रालयले तत्काल नयाँ सीडीओ पठाएर प्रशासनलाई पूर्ण नेतृत्व दिनुपर्छ । राज्यको उपस्थिति कागजमा होइन, संकटका बेला नागरिकले अनुभूति गर्ने गरी देखिनुपर्छ।

## विश्व

# नौ अफगान निजी विश्वविद्यालयको इजाजतपत्र रद्द

**काबुल, २५ साउन ।** अफगानिस्तानको तालिबान प्रशासनले शैक्षिक मापदण्ड उल्लङ्घन, प्रशासनिक कमजोरी तथा अभिलेखमा नक्कली विद्यार्थी देखाइएको आरोपमा नौ निजी उच्च शिक्षा संस्थाको सञ्चालन इजाजतपत्र निलम्बन तथा खारेज गरेको छ।

उच्च शिक्षा मन्त्रालयले आइतबार सार्वजनिक गरेको विवरणअनुसार सात निजी उच्च शिक्षा संस्थाको इजाजतपत्र एक वर्षका लागि निलम्बन गरिएको छ भने दुई संस्थाको इजाजतपत्र स्थायी रूपमा खारेज गरिएको छ। मन्त्रालयले सन् २०२६ को वसन्त सेमेस्टरमा गरिएको निरीक्षण तथा मूल्याङ्कनका आधारमा यस्तो निर्णय गरिएको जनाएको छ।

एक वर्षका लागि इजाजतपत्र निलम्बन गरिएका संस्थामा जोज्जानको बार्लास विश्वविद्यालय, बल्खका राह-ए-सादत र तुर्किस्तान विश्वविद्यालय, बदख्सानका अजहर र बर्ना विश्वविद्यालय, फरयाबको रशद विश्वविद्यालय तथा काबुलको पायम विश्वविद्यालय रहेका छन् ।

मन्त्रालयका एक अधिकारीका अनुसार कुन्दुजको कोहान्डुज विश्वविद्यालय र तखरको खाना-ए-डेनिस विश्वविद्यालयको सञ्चालन इजाजतपत्र भने स्थायी रूपमा खारेज गरिएको छ। निरीक्षणका क्रममा केही संस्थामा वास्तविक रूपमा अध्ययन नगर्ने 'नक्कली विद्यार्थी' देखाइएको, विद्यार्थीको उपस्थितिको अभिलेख कमजोर रहेको तथा नियमअनुसार प्रतिबन्धित विद्यार्थीलाई समेत अन्तिम परीक्षामा सहभागी गराइएको पाइएको मन्त्रालयले जनाएको छ । त्यस्तै, आवश्यक प्रशासनिक तथा शैक्षिक संरचना पर्याप्त नरहेको पनि निरीक्षणबाट खुलेको बताइएको छ। विशेषगरी चिकित्सा शिक्षासम्बन्धी कार्यक्रममा प्रयोगशाला उपकरणको अभाव, मन्त्रालयबाट स्वीकृत पाठ्यक्रमअनुसार अध्यापन नगराइएको तथा मेडिकल विद्यार्थीलाई अस्पतालमा आवश्यक व्यावहारिक प्रशिक्षणका लागि पर्याप्त अवसर उपलब्ध नगराइएको विषयलाई मन्त्रालयले गम्भीर समस्या मानेको छ ।

कतिपय संस्थाले कक्षा सञ्चालनका लागि समयतालिका तयार गरेको भए पनि निरीक्षणका क्रममा निर्धारित कक्षाकोठा खाली भेटिएको पनि मन्त्रालयले जनाएको छ। यसबाट कागजी रूपमा शैक्षिक गतिविधि सञ्चालन भएको देखाइए पनि व्यवहारमा त्यसअनुसारको अध्यापन नभएको आशङ्का उत्पन्न भएको छ ।अफगानिस्तानमा सन् २०२१ मा तालिबान सत्तामा फर्किएपछि उच्च शिक्षा क्षेत्र निरन्तर दबाबमा छ । विशेषगरी महिला तथा बालिकामाथि लगाइएका विभिन्न प्रतिबन्धका कारण विश्वविद्यालय तथा निजी उच्च शिक्षा संस्थाहरू प्रभावित हुँदै आएका छन् । पछिल्लो कारबाहीले निजी उच्च शिक्षा संस्थाको शैक्षिक गुणस्तर, प्रशासनिक व्यवस्थापन र सरकारी मापदण्डको पालना सम्बन्धमा तालिबान प्रशासनले निगरानी बढाएको सङ्केत गरेको छ।

मन्त्रालयले निरीक्षणका क्रममा देखिएका कमजोरीका आधारमा संस्थाहरूलाई कारबाही गरेको जनाएको छ । इजाजतपत्र निलम्बन तथा खारेजीको निर्णयले अफगानिस्तानको निजी उच्च शिक्षा क्षेत्रमा सञ्चालन भइरहेका संस्थाको शैक्षिक तथा प्रशासनिक अवस्थामाथि थप प्रश्न उठाएको छ।

# बालबालिकाको गोपनीयता हक



उपेन्द्र विश्वकर्मा



प्रजातान्त्रिक मुलुकमा जवाफदेहिता र पारदर्शितालाई जति महत्त्वपूर्ण सूचक मानिन्छ। त्यति नै महत्त्वपूर्ण रूपमा रहेको हुन्छ गोपनीयताको विषय। राज्यको परिकल्पना नै व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकार कायम गर्ने अवधारणाबाट भएको मानिन्छ । नागरिकको सुरक्षाकै लागि नागरिकद्वारा निर्माण गरिएको संयन्त्र विशेषलाई नै विशेष आधिकारयुक्त राज्य मानिँदै आएको छ। प्रजातान्त्रिक मुलुकमा राज्य सञ्चालनको प्रतिनिधि सरकारले जनतालाई अधिकार दिने नभई जनताका अधिकारलाई संरक्षण गर्ने भूमिका बहन गरेको हुन्छ। यही परिपाटी प्रजातान्त्रिक मुलुकका हरेक एकाइमा लागु हुने भएकाले परिवारमा नयाँ सदस्यको आगमन नै उसको अधिकार सिर्जनाको कारक तत्त्व बन्छ।

बालबालिकाको पालनपोषण, शिक्षादीक्षालगायत कुरामा अभिभावककै लगानी हुने भए पनि यी नवजातका मौलिक हकका रूपमा स्थापित भएका हुन्छन्। सामान्य सोचाइमा गोपनीयतासित सम्बन्धित कुराहरू बालिग नागरिकका मात्र विषय हुन् भन्ने सोचिन्छ तर वैयक्तिक गोपनीयताका विषय पारिवारिक सम्बन्धभन्दा पनि विशिष्ट रहने गर्छन्।

बालबालिकालाई दीर्घकालीन रूपमा प्रभाव पर्ने विषय तत्काल अभिभावकका लागि लाभदायक भए पनि सार्वजनिक गर्न मिल्दैन। मुलुकको संविधान र कानुनले बालबालिकाका यसप्रकारका नैसर्गिक एवं गोपनीयतासम्बन्धी हकलाई सुनिश्चित गर्न आवश्यक कानुनी प्रबन्धसमेत गरेको हुन्छ।

पछिल्लो समय सामाजिक सञ्जालको विकाससँगै अभिभावक आफ्ना बालबालिका नितान्त वैयक्तिक एवं वयस्क बन्दा प्रतिकूल प्रभाव पार्न सक्ने कुरालाई मनोरञ्जनका साधनकै रूपमा सञ्जालमा सार्वजनिक गर्ने गरेको देखिन्छ । केही बालबालिका आफ्ना अभिभावकले आफ्ना शिशु अथवा बाल्यअवस्थामै सार्वजनिक गरेका तस्बिर एवं भिडियोका कारण किशोरावस्थामा विभिन्न किसिमका मानसिक समस्याका सिकार बनेका घटना सार्वजनिक गर्न थालेका छन्। सामाजिक सञ्जालको प्रयोग र वैयक्तिक गोपनीयताको विषयमा विद्यार्थी र शिक्षकलाई मात्र नभएर आमअभिभावकलाई शिक्षा दिनु अति आवश्यक हुँदै गएको छ।

नेपालको संविधान २०७२ को धारा २८ मा मौलिक हकअन्तर्गत गोपनीयताको हकसम्बन्धी व्यवस्था रहेको छ । कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक र पत्राचारसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने व्यवस्था गरेको छ।

संविधानअन्तर्गत बनेका अन्य कानुनहरूमा पनि व्यक्तिका गोपनीयतासम्बन्धी कुरालाई सम्बन्धित व्यक्तिकै अधिकारका रूपमा व्याख्या गरिएको छ। बालबालिकाका सन्दर्भमा उनीहरूका प्रथम र सबैभन्दा नजिकका संरक्षक अभिभावक नै हुन्। बालबालिकासँग सम्बन्धित कुनै पनि तस्बिर वा भिडियो सार्वजनिक गर्ने सन्दर्भमा होस् वा उनीहरूलाई दीर्घकालीन रूपमा प्रभाव पर्ने कुनै पनि विषयमा निर्णय गर्ने सन्दर्भमा अभिभावकको मञ्जुरी आवश्यक पर्ने कुरा कानुनमा उल्लेख छ। यसको आशय पनि अपरिपक्व अवस्थाका बालबालिकाका अधिकारको संरक्षण उसका अभिभावक र राज्यले गर्नुपर्छ भन्ने मान्यतासँग सम्बन्धित छ।

बालबालिकासम्बन्धी ऐन २०७५ मा पनि बालबालिकालाई के कस्ता काममा लगाउने र उनीहरूसित सम्बन्धित निर्णय प्रक्रिया कस्तो हुने भन्नेबारे व्यवस्था छ। यसमा अभिभावक नै बालबालिकाको पहिलो संरक्षणकर्ताका रूपमा रहने र असमर्थ अभिभावकका सन्दर्भमा राज्यले नै सो भूमिका बहन गर्नुपर्ने व्यवस्था गरिएको छ । पश्चिमी समाजमा निर्वाध र निःसर्त अभिभावकलाई बालबालिकाको संरक्षक र सर्वोपरि हित सुरक्षित गर्ने व्यक्तिका रूपमा नलिए पनि हाम्रो समाजमा कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवती अर्थात् सन्तान खराब भए पनि उसका अभिभावक खराब हुँदैनन् भन्ने मान्यतालाई आत्मसात गरी प्रथम र अन्तिम संरक्षणकर्ता अभिभावकलाई निःसर्त रूपमा मानिएको छ।

अभिभावकले आफ्नो इज्जत र औकातअनुसार बालबालिकाको स्वास्थ्य, शिक्षा र आवश्यकता पूरा गर्ने सन्दर्भमा भूमिका बहन गर्नुपर्छ। कथाकथंचित सो व्यवस्था हुन नसकेमा स्थानीय तहले अधिकार क्षेत्र ग्रहण गरी बालबालिकाको सर्वांगीण हितका लागि उपयुक्त कदम चाल्नुपर्ने कानुनी व्यवस्था छ।

समाजमा भित्रँदै गएको पाश्चात्य संस्कार, संस्कृति र आधुनिक जीवन पद्धतिका कारण पारिवारिक संरचनामा आएको विचलनले पछिल्लो समय बालबालिका बिचल्लीमा पर्ने घटना पनि बढ्दै गएका छन् । खास गरी अभिभावकको पारिवारिक सम्बन्धमा आएको विचलनका कारण सम्बन्धविच्छेद र नयाँ सम्बन्ध स्थापनाका घटनाले बालबालिका उपेक्षामा पर्ने, दुर्व्यवहारको सिकार हुने एवं अन्य मनोसामाजिक समस्याबाट पीडित हुने घटना पनि बढ्दै गएका छन् । परिस्थितिजन्य कारणबाट सिर्जना भएका असामान्य अवस्थाले बालबालिका समस्यामा पर्ने कुरा एकातिर छ भने अर्कातिर अभिभावकको असावधानीका कारण पनि धेरै बालबालिका मनोसामाजिक समस्याबाट ग्रसित हुने गरेका छन्।

गत हप्ता केही सञ्चारका माध्यममा १२ वर्षकी बालिका शिक्षण संस्थामा प्रताडित भएको भनी समाचार सार्वजनिक भयो । उक्त समाचारको आशय बालिकालाई न्याय दिलाउने भनिए पनि बालिकाको तस्बिर, उनमा बढ्दै गएको मानसिक समस्या र सोसँग सम्बन्धित सम्पूर्ण चिकित्सकीय रिपोर्टहरूसमेत सार्वजनिक गरिए । घटनालाई सनसनीपूर्ण बनाउने नाममा बालिकाको वैयक्तिक गोपनीयताको हकका बारेमा न अभिभावक सचेत हुन सके न त संसार माध्यम नै।

बालिकाका बारेमा छरपस्ट पारिएका नितान्त वैयक्तिक विषय उनको मानसिक स्वास्थ्य समस्याबारे प्रमाणका रूपमा चिकित्सकीय रिपोर्टसमेत पहिचानसहित प्रकाशन गरियो । यसले आगामी दिनमा बालिकाको स्वस्थ विकासका लागि अवरोध नै पुऱ्याउने प्रस्ट छ।

समाचारमा बालिकाको मौलिक हकअन्तर्गत गोप्य रहनुपर्ने वैयक्तिक विवरणको प्रकाशनले उनलाई सामाजिक रूपमा लाञ्छनाको सिकार बनाउने सम्भावना बढायो। अभिभावक आफ्नै सन्तानबारे प्रस्तुत गरेका विवरणले पुऱ्याउने सामाजिक क्षति आँकलन गर्न नसकेकै देखिन्छ। अर्कातिर सम्बन्धित विषयकै बारेमा विद्यालयले जारी गरेको विज्ञप्तिमा बालिकाको नाम, वतन र पहिचानका कुनै पनि विषयवस्तु उल्लेख भएका थिएनन्। संस्थामाथि लगाइएका आरोपका खण्डनमा विद्यालयको संवेदनशीलता र बालमैत्री व्यवहार उक्त विज्ञप्तिबाटै स्पष्ट छर्लंगिन्छ । बालिका अहिले अभिभावकले भनेअनुसार असामान्य अवस्थामा रहेकी र नाबालक नै भएकाले अभिभावकविरुद्ध कानुनी वा अन्य उपचारमा जान सक्ने अवस्था देखिँदैन तर उनी वयस्क हुनासाथ अभिभावक विरुद्ध नै कानुनी उपचारको खोजी गरिन् भने अनौठो मान्नुपर्दैन।

केही विद्यालयले पौडी वा खेलकुदका अन्य यस्तै क्रियाकलापका फोटो र भिडियो सार्वजनिक गरी आफ्ना विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापबारे प्रचारप्रसार पनि गर्ने गरेका छन्। यसप्रकारका चित्र र भिडियो सार्वजनिक गर्ने क्रममा बालबालिकाको गोपनीयता तथा प्रसारित सामग्रीको दुरुपयोग हुन सक्ने विषयमा विचार गरिएको देखिँदैन। यसले बालबालिकामा सिर्जना गरेको भय र मानसिक तनावलाई आधार मानेर सचेत अभिभावकले बालबालिकाका वैयक्तिक विवरण सार्वजनिक गर्ने विषयमा विद्यालयहरू पनि सावधान हुनुपर्ने भनी आवाज उठाउन थालेका छन्।

अभिभावक र स्वयं बालबालिकाकै हितमा सक्रिय शैक्षिक संस्थाले समेत असावधानीवश बालबालिकालाई राम्रो देखाउन गर्ने गरेको प्रचारप्रसारको सामग्रीले उल्टै बालबालिका पीडित भएका कुरामा सतर्क हुनु आवश्यक छ। यस्तै घटनाका कारण मनोवैज्ञानिक परामर्शमा आउने किशोर किशोरीको संख्यासमेत बढ्न थालेको छ। बालबालिका सम्बन्धी ऐन २०७५ बालबालिका सम्बन्धी नियमावली २०७७ तथा स्थानीय तहहरूले बालबालिकाको संरक्षण र उनीहरूमाथि हुनसक्ने दुर्व्यवहार न्यूनीकरणका लागि कानुनहरू तर्जुमा गरेका छन्। यी कानुनमा विद्यालय र घरपरिवारलाई निःसर्त रूपमा बालबालिकाका अभिभावक ग्रहण गरिएको छ। सामाजिक सञ्जाल तथा अन्य सूचनाका माध्यमका कारण बालबालिकाको परिधि विश्वव्यापीकरण भएको छ। यस सन्दर्भमा स्थानीय वा राष्ट्रिय संस्कार र संस्कृतिले मात्र बालबालिकाको आचरण र व्यवहार निर्धारण हुन सक्ने अवस्था देखिँदैन। विश्वव्यापीकरणको प्रभावसँगै पश्चिमा समाजमा विकसित घटनाक्रमले बालबालिकालाई प्रत्यक्ष प्रभाव पार्न थालेका छन्।

विश्वव्यापीकरणसँगै बालबालिकाको सुरक्षाको दृष्टिले घरपरिवार, आफन्त र विद्यालयलाई पनि निःसर्त रूपमा संरक्षणकर्ता मान्न सकिने अवस्था बिग्रँदै गएको छ । अभिभावकको असावधानी र भाइरल हुने मोहले वैयक्तिक गोपनीयताको हकको ठाडो उल्लंघन भएको पनि देखिन्छ।

सामान्य घटनामा पारिवारिक विषय भनेर कसैले औंला नउठाए पनि यस प्रकारको विकृतिले अन्ततः आगामी पुस्तालाई स्वस्थ रूपमा हुर्कन असहयोग गर्ने भएकाले बालबालिकाको डिजिटल गोपनीयतासम्बन्धी कानुन निर्माण हुनु आवश्यक छ। तीनै तहका सरकारले यस विषयमा अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । हरेक विद्यालयले विद्यार्थी स्वयंलाई साइबर संसारमा प्रकाशित सामग्रीले भविष्यमा पार्न सक्ने प्रभावबारे सचेत बनाउनु आवश्यक छ। *(नागरिक)*

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८
**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५
**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१
**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** — बेलैमा योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ।

**वृष** — मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ । परिबन्धले काममा बाधा पुर्याउन सक्छ । आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्।

**मिथुन** — पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन्। केही कठोर निर्णय लिनुपरे पनि टाढिएका आफन्त नजिकिनेछन्।

**कर्कट** — कामबाट सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। साथीभाइसँग असमझदारी बढ्ला। फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ।

**सिंह** — आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

**कन्या** — आजको मिहिनेतले भविष्यमा प्रतिष्ठा दिलाउन सक्छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। विभिन्न भौतिक साधनहरू जुटाउन सकिनेछ।

**तुला** — परिस्थितिवश फाइदा नहुने काममा अलमलिनुपर्ला। श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ।

**वृश्चिक** — सामान्य काममा धन र श्रम खर्चनुपर्ला। समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ । गलत व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ।

**धनु** — रमाइलो यात्रा गर्ने अवसर जुर्नेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिन सक्छ। कामको चापबाट फुर्सद पाइनेछ।

**मकर** — मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्।

**कुम्भ** — समयमा काम नगर्ने बानीले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला।

**मीन** — बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । व्यर्थैमा अरूको फाइदाका लागि उपयोग भइनेछ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान्।

# ग्यास लुकाएको आरोपमा ५० हजार जरिवाना

**◣युग संवाददाता**
**बाँके, २५ साउन ।**

नेपालगन्जमा बजार अनुगमनका क्रममा ग्यास लुकाएको आरोपमा आज एक किराना पसललाई रु ५० हजार जरिवाना गरिएको छ। बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी महेशकुमार गुरुङको नेतृत्वमा गएको अनुगमन टोलीले नेपालगन्ज-११ स्थित शङ्कर दयाल बद्रीप्रसाद प्रोभिजन स्टोरलाई जरिवाना गरेको हो।

"ग्यास लुकाएर राखेको भन्ने सूचना आएपछि हामी त्यहाँ पुग्दा ग्यास भेट्टाएका थियौँ" उनले भने। बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी गुरुङका अनुसार बजार अनुगमनका क्रममा सो किराना पसलमा १३ वटा ग्यास सिलिन्डर लुकाएर राखेको अवस्थामा भेटिएको थियो।

उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार सो ग्यास पसललाई रु ५० हजार जरिवाना गरिएको हो। अनुगमन टोलीले किराना पसलबाट अखाद्य केही साम्रग्रीसमेत फेला पारेको थियो। बजारमा ग्यासलगायत उपभोग्य सामग्रीमा अनियमितता भएको गुनासो आउन थालेपछि स्थानीय प्रशासनको सक्रियतामा केही दिनयतादेखि बजार अनुगमन हुँदै आएको छ। केही दिनदेखि बजारमा खाना पकाउने ग्यास अभाव देखिँदै आएको छ।

# माछापालनबाट मासिक २५ लाख आर्जन गर्दै



**◣युग संवाददाता**
**कैलाली, २५ साउन ।**

गाउँका प्रायः युवा वैदेशिक रोजगारमा गए पनि विनोदले भने गाउँ छोडेका छैनन्। उनले नौ बिघा जमिनमा माछापालन गरेर वार्षिक २५ लाख बचत गरिएको छ। कैलालीको घोडाघोडी नगरपालिक-५ का विनोद उदाहरणीय कृषक हुन्, विनोद चौधरी।

पाँच वर्षअघि बैङ्कबाट कुल रु ५० लाख कर्जा सापट लिएर व्यवसाय गरेका चौधरीले माछापालनबाट मात्र वार्षिक रु २५ लाख कमाउन थालिएको हो। माछा उद्यमीका रूपमा परिचित विनोदको उमेर २७ वर्षको छ। पाँच वर्षअघि सीमित लगानीबाट उनले माछापालन सुरु ग गरिएको हो। सुरुमा लगानी भए पनि अहिल भने विनोद माछापालन व्यवसायबाट खुशी भएका छन्। उनको अधिकांश समय पोखरीमा बित्ने गर्छ। पढाइसँगै आम्दानी गर्नुपर्छ भन्ने मान्यताले माछापालनतर्फ आकर्षित भएका चौधरीले गाउँका अन्य युवालाई पनि स्वरोजगर बन्न प्रेरणा दिन थालिएको छ।

"विदेश जानुभन्दा आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने सोचले अघि बढेमा असफल भइँदैन," विनोदले भने। माछापालन व्यवसाय सुरु गर्नु

▶▶ बाँकी ४ पेजमा

# डेटा सेन्टरको हब बन्दै नेपाल नीति नियममा अझै अन्योल

**◣युग संवाददाता**
**काठमाडौँ, २५ साउन ।**

ललितपुरको नक्खुस्थित एनसेलको डेटा सेन्टर आसपासका गल्लीहरूमा समय बिताउन कठिन हुन्छ। केही मिनेट उभिँदा नै लुगा, अनुहार, नोटबुक जतातत धूलोको पत्रै-पत्र जमिसक्छन्। निरन्तर कुदिरहने ट्रक र व्यस्त रहने विभिन्न थरी मेसिनको आवाजबीच पर्खालछेउ उभिएका सेक्युरिटी गार्डहरूले सो स्थानमा निरन्तर पहरा दिइरहेका देखिन्छन्।

पर्खालभित्रका संरचनामा सर्भरहरू, तिनलाई चिस्याउने प्रणाली र बत्ती गएका बेला चालु हुने गरी तयारी अवस्थामा राखिएका डिजेल जेनेरेटरहरूको लामो लाइन छ। सो संरचना बन्दै गर्दा ललितपुरको वडा नं ४ र जोडिएको वडा नं १६ का बासिन्दालाई यस्तो किसिमको सेन्टर बन्दै छ भन्ने थाहा रहेनछ।

'सरजमिन गर्ने बेला हामीसँग दस्तखत लिँदा त वेयरहाउस अर्थात् गोदाम बनाउने भनेर लिइएको हो,' वडा नं ४ स्थित एकता टोल विकास संस्थाकी अध्यक्ष ज्योत्सना गुप्ताले भनिन्, 'पछि त यहाँ यत्रो ठूलो डेटा सेन्टर पो बन्यो, हामीसँग वडा समितिहरू कसैले पनि सल्लाह र छलफल गरेनन्।'

डेटा सेन्टरकै सँधियारका छिमेकी गोपाल डंगोलका अनुसार उनीसँग अनुमति लिँदा पनि त्यहाँ थप टहरा बनाउने भनेर कागजात देखाइएको थियो। 'कुनै पनि निर्माण कार्य गर्दा नक्सा पास र छिमेकीको मञ्जुरीनामा अनिवार्य चाहिने भएकाले उनीहरू मकहाँ पनि आएका थिए,' डंगोलले भने, 'मैले कागजात हेर्दा त्यसमा टहरा बनाउने उल्लेख थियो। त्यही देखेर मैले मञ्जुरीनामा दिएको थिएँ।' निर्माण कार्य सुरु भएपछि कामदार हरूसँग बुझ्दा त्यहाँ डिजेल जेनेरेटर राख्ने भवन बनाइएको र त्यो 'टहरा' निकै ठूलो परियोजना हो भन्ने थाहा पाएको डंगोलले बताए।

विरोध सुरु हुन थालेपछि एनसेलले वडा ४ का बासिन्दासँग बैठक आयोजना गरेको र त्यसमा कुनै सहमति हुन नसकेको स्थानीय बताउँछन्। त्यस ठाउँबाट कुनै विकिरणको जोखिम नहुने भनिए पनि आफू र अन्य छिमेकीहरू विश्वस्त हुन नसकेको डंगोलको गुनासो छ। स्थानीयले आपत्ति जनाए पनि ललितपुर महानगरपालिकाले निर्माण स्वीकृति दिएको र त्यसलाई लिएर आजसम्म पनि आफूहरूले विरोध जनाइरहेको डंगोलले बताए।

जे बनाउने भनेर सुरु गरिएको थियो र अन्तमा जे बनाइयो, यसले स्थानीयवासीसँगको मनमुटावलाई मात्रै होइन, सरकारले ठूलो स्तरमा विस्तार गर्न सकिने क्षेत्रका रूपमा प्राथमिकतामा राखेको, डेटा सेन्टरको विषयले आगामी दिनमा के-कस्तो तरंग र प्रभाव सिर्जना गर्न सक्छ भन्ने संकेत पनि गर्छ। नवगठित रास्वपा सरकारले सार्वजनिक गरेका सयबुँदे



क्रियाकलाप, प्रतिबद्धता पत्रजस्ता दस्ताबेजहरूमा एआई र डेटा सेन्टरलाई देशको आर्थिक रूपान्तरण र आधुनिक पूर्वाधारको मुख्य आधारका रूपमा उल्लेख गरिएको छ।

ललितपुर वडा नं १६ मा वर्षौंदेखि स्टिलको कारखाना सञ्चालन गर्दै आएका बाबुराजाका अनुसार एनसेलको डेटा सेन्टर निर्माण हुँदा नै चर्को विरोध भएको थियो। 'रातको समयमा ती मेसिनहरूबाट आउने आवाज यति चर्को हुन्छ कि घरै थर्किन्छ,' उनले भने, 'त्यहाँबाट दिनहुँ कालो धूवाँ निस्कन्छ।' सेन्टरको अघिल्तिर घर भएका रामकृष्ण राउतले भने, 'एकदमै डिस्टर्ब गर्छ। चौबिसै घण्टा आवाज आउँछ। अन्त कतै लगिदिए राम्रो हुन्थ्यो।'

सबै स्थानीयवासीको एउटै गुनासो भने छैन। कतिपयलाई डेटा सेन्टरभन्दा सवारीसाधनको धूवाँ र ध्वनि प्रदूषणले हैरान पारेको छ। वडा १३ का बासिन्दा अमर श्रेष्ठको अनुभवमा निरन्तर दौडिने टिपर र ट्रकहरूले कुलिङ फ्यानभन्दा ठूलो आवाज निकाल्छन्। सवारीसाधनको धूवाँका कारण नक्खु आसपास गर्मी बढी हुने उनको बुझाइ छ। 'डेटा सेन्टरको छेउमै बस्नेहरूलाई चाहिँ गर्मीभन्दा ध्वनि प्रदूषणले बढी दिक्क बनाउँछ,' उनले थपे। यो पूर्वाधार बनाउँदा आफूहरूलाई सत्य/तथ्य जानकारी नदिएको विषयमा भने दुवै वडाका बासिन्दा एकमत छन्।

गुप्ताको चिन्ता भने ध्वनि वा धूवाँ मात्र होइन। 'यस प्रकारको उच्च जोखिम पूर्वाधार बाक्लो जनसंख्या भएको सहरी क्षेत्रको बीचमा हुनु हुँदैन,' उनले भनिन्। तर, गुप्ताको यो राय जायज मान्ने वा जायज होइन भनेर तथ्यांकसहित प्रमाणित गर्ने कुनै नियामकीय संरचना नेपालमा छैनन्।

द काठमान्डु पोस्टले सोधेको प्रश्नहरूको जवाफमा एनसेलले यो सुविधा ललितपुर महानगरपालिकाबाट पूर्ण स्वीकृति लिएर निर्माण गरिएको, अन्तर्राष्ट्रिय रूपमै प्रमाणीकरण भएको र सूचना प्रविधि विभागद्वारा औपचारिक रूपमै देशको पहिलो प्रमाणित डेटा सेन्टरका रूपमा २०२५ को निर्देशनअन्तर्गत स्थापना गरिएको बताएको छ। 'डेटा सेन्टरले कुनै पनि हानिकारक विकिरण प्रवाह गर्दैन,' कम्पनीले आधिकारिक इमेलमार्फत भनेको छ। तर निर्माण सुरु हुनुभन्दा पहिले डंगोल र गुप्ताजस्ता सँधियार र स्थानीयवासीलाई हस्ताक्षर गर्न लगाइएको भनिएको कागजात र आफ्नो अनुगमनसम्बन्धी तथ्यांक उपलब्ध गराउन गरिएका अनुरोधका विषयमा भने एनसेलले कुनै प्रतिक्रिया दिएन। डेटा सेन्टर सूचीकरण गर्ने निकाय सूचना प्रविधि विभागले सामुदायिक सूचना आफ्नो कार्यादेशभन्दा बाहिरको विषय भएको जनाएको छ। 'हामी नयाँ व्यवसाय दर्ता गर्ने वा तिनीहरूलाई इजाजतपत्र दिइरहेका छैनौं,' विभागका सूचना अधिकारी प्रकाश दवाडीले भने, 'हामी सम्बद्ध व्यवसायले हाम्रो निर्देशिकाअनुरूपका मापदण्डहरू पूरा गर्छन् कि गर्दैनन् भनेर अनुगमन मात्रै गर्ने निकाय हौं। निरीक्षणले पूर्वाधारको विश्वसनीयता, आगलागीबाट सुरक्षा, नेटवर्कको स्थिरता र डेटा सुरक्षालाई समेट्छ तर समुदायसँगको परामर्श हाम्रो कार्यक्षेत्रमा पर्दैन।' दवाडीले डेटा सेन्टर स्थापना हुनुअघि नै सम्पन्न गरिनुपर्ने वातावरणीय प्रभाव मूल्यांकनलगायतका चरणमा विभागको कुनै भूमिका नहुने बताए।

यस्ता प्रकृतिका कर्पोरेट संरचनाले दिने आश्वासन र सार्वजनिक रूपमा प्रमाणित गर्न सकिने नतिजाबीचको अन्तर नेपालमा मात्र सीमित छैन। चिली र मेक्सिकोका डेटा सेन्टरहरूको जाँच गर्ने २०२५ को एक अध्ययनको नतिजाले दुवै स्थानमा समुदायहरूले बुझ्न वा विरोध गर्न सक्नेभन्दा छिटो गतिमा पानीका स्रोतहरू खपत हुने र त्यसले स्थानीय वातावरणमा दबाब बढेको संकेतहरू देखाएको थियो। चिलीमा सरकारले पहिले चुपचाप निर्माणकर्ताहरूलाई वातावरणीय मूल्यांकनहरू छल्न अनुमति दिएको र पछि प्रश्न उठ्दा त्यहाँको वातावरण मन्त्रालयले सो विषय स्वीकार गर्दै नयाँ नियमहरू आवश्यक पर्ने प्रतिक्रिया दिएको थियो। पहिले पूर्वाधार निर्माण भयो र प्रश्न उठेपछि बल्ल नियमन मस्यौदा गरियो। समुदायसँग परामर्श गरिएकै भए पनि सुरु भइसकेपछि गरियो। नख्खुमा अहिले लगभग यही इतिहास दोहोरिएको छ।

नेपालमा भर्खरै सत्ता सम्हालेको नवनिर्वाचित सरकारले यस्ता कामहरू व्यापक रूपमा गर्ने प्रस्ताव अघि सारेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नेपाललाई देशको जलविद्युत् ऊर्जाद्वारा सञ्चालन हुने डेटा सेन्टर, आर्टिफिसियल इन्टेलिजेन्स र कम्प्युटेसनल पावरको विश्वव्यापी केन्द्रमा रूपान्तरण गर्ने अवधारणासहित डिजिटल पूर्वाधारलाई आफ्नो आर्थिक दृष्टिकोणको केन्द्रमा राखेको छ। पाँच वर्षभित्र, रास्वपाले नेपाललाई जलविद्युत् निर्यात गर्ने देशबाट एआई र सर्भर प्रशोधन समय निर्यात गर्ने देश बनाउने योजना सार्वजनिक गरेको छ। 'क्रिप्टो माइनिङ पाइलट' परियोजनाहरू पहिलो वर्षभित्रै सुरु गरिने रास्वपाको योजनामा देखिन्छ।

डिसहोमका पूर्वप्रमुख कार्यकारी सुदीप आचार्य नेपालको सस्तो बिजुली भारत वा सिंगापुरको तुलनामा अर्थपूर्ण प्रतिस्पर्धात्मक लाभ बन्न सक्ने र स्थानीय रूपमा 'होस्ट' गरिएको डेटाले विदेशी सर्भरहरूमा देशको निर्भरता कम गर्ने तर्क गर्छन्। तर, उनी त्यसका लागि वातावरण अझै तयार नभएको, नेपालमा एउटा मात्र बिजुली उपयोगिता रहेको र कनेक्टिभिटीका लागि भारत र चीनमा निर्भर हुनपर्नुका साथै नीतिगत वातावरण धेरै अस्थिर रहेको स्वीकार गर्छन्। 'सरकारले छिटो काम गर्न आवश्यक छ र ती नीतिहरू स्थिर प्रकृतिको र आकलन गर्न सकिने किसिमको हुनुपर्छ,' उनले भने।

सूचना प्रविधि विज्ञ दोभान राई भने अलिक कम आश्वस्त छिन्। 'ऊर्जाको स्रोत स्वच्छ हुँदैमा उद्योग पनि सफा हुन्छ भन्ने हुँदैन,' उनको भनाइ छ, 'नेपालको बिजुली उत्पादन अझैसम्म सीमित छ, यस्तोमा लोडसेडिङको सामना गरिरहेका घरपरिवारहरूलाई बिजुली दिने कि विदेशी कम्पनीहरूका सर्भरहरूलाई सेवा दिने ?' यस्ता केन्द्रले गर्ने अत्यधिक पानी खपतमा पनि उनको चासो छ। डेटा सेन्टरहरूलाई आफ्नो मेसिनहरू चिसो पार्न ठूलो मात्रामा पिउनयोग्य पानी चाहिन्छ। अहिले नै नेपालका कतिपय ठाउँमा पानीको अभाव देखिन्छ। रोजगारीको तर्क दिएर यस्ता चुनौतीलाई बेवास्ता गर्न नमिल्ने राईको विचार छ।

## स्पष्ट नीतिको...

हामीलाई ३० प्रतिशत दिएको भएपनि हालसम्म करोडमाथि राजस्व पाउनुपर्थ्यो, त्यो पाएनौं।'

मेयर पौडेलका अनुसार लेकवेशी र गुर्भाकोट नगरपालिकाबीच अर्को पनि एउटा साझा खोला छ। उक्त खोलामा आपसी समझदारीमा आलोपालो (एक बर्ष लेकवेशी, अर्को बर्ष गुर्भाकोटले) ठेक्का लगाउने र राजस्व उठाउने गरिएको उनले बताए। वीरेन्द्रनगर नगरपालिकाले भने २०७४ देखि झुप्रामा आफैंले ठेक्का लगाएपनि सहमतिअनुसार दावी गरिएको राजस्व नपाएको गुनासो उनको छ।

बेलाबेलामा छलफल हुने गरेपनि झुप्रा खोलालाई साझा रुपमा प्रयोग गर्ने विषयमा पनि सहमति जुट्न नसकेको पौडेलले बताए। अहिलेसम्म वीरेन्द्रनगरले झुप्राबाट उठाएको राजस्वको हिस्सा माग गर्दै प्रत्येक आर्थिक बर्षको अन्तिमतिर पत्र पठाउँदा पनि बेवास्ता गरिएको उनी बताउँछन्। 'हाम्रो कर्मचारीले पत्र पठाउनुहुन्छ, उता (वीरेन्द्रनगर) बाट रेस्पोन्स हुँदैन,' उनी भन्छन्, 'नगरप्रमुखले अड्काउनु भएको हो कि थाहा भएन, कर्मचारीसँग कुरा गर्दा 'दिनु त पर्ने हो' मात्र भन्नुहुन्छ।' दुई बर्षअघिसम्म यस्तै खालको मनमुटाव वीरेन्द्रनगर र बराहताल गाउँपालिकाबीच पनि थियो।

वीरेन्द्रनगर र बराहताल गाउँपालिकाको सिमानामा पर्ने गिरीघाट खोला दुई पालिकाको साझा हो। तर, पनि त्यहाँको प्राकृतिक स्रोत ढुंगा, गिट्टी, बालुवा (दहत्तर-बहत्तर) बाट हुने आम्दानीमा सात बर्ष वीरेन्द्रनगर नै हाबी भयो। पछिल्लो दुई बर्ष (आर्थिक बर्ष ०८१/०८२) देखि भने उक्त खोलाको ठेक्का बराहतालले लगाउन थालेको छ। सोहीअनुसार मौखिक सहमति भएको छ। सात बर्ष खोलाको उपयोग वीरेन्द्रनगरले गरेपनि हिस्सा पाउने बराहतललाई राजस्व भने बाँडेन। 'उहाँहरुले स्रोत उपयोग गरेपनि उठेको राजस्वको केही हिस्सा त हामीले पाउनुपर्ने हो, हामीले कुरा त राखेको हो उहाँहरुले बाँड्नुभएन।' बराहताल गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी पुन मगरले भनिन्। वीरेन्द्रनगर र बराहतालबीच अहिले पनि लिखित सहमति भने भएको छैन।

यसरी पालिकाबीच प्राकृतिक स्रोत उपयोगमा साझेदारी गर्नेगरि लिखित सहमति गर्ने ठोस् आधार पनि छैन। वीरेन्द्रनगर अब आफूले उपभोग गरेजति समय मौन बसेर बराहताललाई उपभोग गर्न दिनुपर्ने बराहतालका उपाध्याक्ष पुन बताउँछिन्। उनले विगतका बर्षहरुमा पनि उक्त विषयमा छलफल हुँदा वीरेन्द्रनगरले नमानेको बताईन्।

'हामीले पहिले पनि एकआपसमा गिरीघाट खोलाको विषयमा कुरा उठाउँथ्यौ, तर वीरेन्द्रनगरबाट सहयोग भएको थिएन,' उनले भनिन्, 'पछिल्लो समय जिल्ला समन्वय समितिको अगुवाइमा हुने वैठकहरुमा बारम्बार कुरा उठाउन थालेपछि वीरेन्द्रनगरले हामीलाई छोड्दिनुपर्छ भन्ने ठान्यो होला।'

## मनसुन...

क्षेत्रमा निर्धारित समयमै रोपाइँ सम्पन्न हुने अवस्थामा पुगेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

हाल जिल्लामा करिब २.६१ प्रतिशत अर्थात् करिब ८ सय ७३ हेक्टर क्षेत्रफलमा मात्रै धान रोपाइँ गर्न बाँकी रहेको छ। मौसम अनुकूल रहँदै पर्याप्त वर्षा भइरहे बाँकी क्षेत्रमा पनि केही दिनमै रोपाइँ सम्पन्न हुने कृषि प्राविधिकहरूको अपेक्षा छ।

धान बाँकेको प्रमुख खाद्यान्न तथा कृषि उपजमध्ये एक हो। जिल्लाका ठूलो संख्याका किसानको जिविकोपार्जनसमेत धान खेतीसँग जोडिएको छ। त्यसैले समयमै रोपाइँ सम्पन्न हुनु किसानका लागि मात्रै नभई जिल्लाको समग्र कृषि उत्पादन र खाद्य सुरक्षाका दृष्टिले समेत महत्वपूर्ण मानिन्छ।

कृषि प्राविधिकहरूका अनुसार समयमै रोपाइँ सम्पन्न भए धानको बोटले पर्याप्त वृद्धि हुने समय पाउने भएकाले उत्पादनमा समेत सकारात्मक प्रभाव पर्न सक्छ।

अबको चरणमा किसानले धानमा आवश्यक मलखाद, गोडमेल, सिँचाइ तथा रोग-कीरा नियन्त्रणमा ध्यान दिनुपर्ने कृषि ज्ञान केन्द्रले जनाएको छ।

पछिल्लो वर्षाको अवस्थाले किसानमा यस वर्ष धान उत्पादन राम्रो हुने आशा पनि बढाएको छ। मौसमले साथ दिए बाँकी रोपाइँ समयमै सम्पन्न गरी धानको उत्पादनमा अपेक्षित उपलब्धि हाँसिल गर्न सकिने कृषि क्षेत्रका जानकारहरूको भनाई छ।

## स्पष्ट...

हो। त्यस्तै २०८०/०८१ मा झुप्रा र गिरीघाट खोलाबाट ४७ लाख ७० हजार रुपैयाँ राजस्व उठेको थियो।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा स्थानीय तहबीच पर्ने साझा खोलाको प्राकृतिक स्रोतको उपयोग वा राजस्व बाँडफाँट कसरी गर्ने भन्ने स्पष्ट कुनै व्यवस्था छैन। तर, संघीय सरकारले बनाएको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम नदीजन्य पदार्थको उपभोग गरिरहेका छन्।

उक्त मापदण्डको दफा ४ (२) मा 'नदीजन्य पदार्थको संकलन र उत्खनन गरिने क्षेत्र दुई वा दुईभन्दा बढी पालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई संकलन, उत्खनन र विक्रीको व्यवस्था गर्न सकिने' भनिएको छ। तर, आलोपालो ठेक्का वा राजस्व बाँडफाँट सम्बन्धित पालिकाबीच गर्नुपर्ने भन्ने स्पष्ट व्यवस्था यो मापदण्डमा पनि छैन।

स्थानीय तहको बीचमा पर्ने साझा खोलाहरुको उपभोग गर्ने विषयमा स्पष्ट वा विशेष नीतिको व्यवस्था छैन। स्पष्ट नीति नहुँदा स्थानीय तहबीचको आपसी समझदारी नै उपभोगको आधार बनेको छ।

यद्यपि कतिपय स्थानीय तहहरुबीच आपसी समझदारी नहुँदा र भएको सम्झौता कार्यान्वयन नहुँदा साझा खोला भएपनि राजस्व भने कुनै एउटा पालिकाले मात्र उठाउने गरेको पाईन्छ। तर, पछि राजस्व वितरण गर्दा भने कुन आधारमा दिने भन्नेमा अन्यौल रहन्छ। स्पष्ट नीतिको व्यवस्था नभएकै कारण आरोप खेप्नुपरेको वीरेन्द्रनगर नगरपालिकाका मेयर मोहनमाया ढकाल बताउँछिन्।

साझा खोलाको उपभोग र राजस्व बाँडफाँटका विषयमा स्पष्ट कानुन, कार्यविधि वा मापदण्ड भए यो विषयमा स्थानीय तहबीचको सहकार्य प्रभावकारी हुने उनी बताउँछिन्। 'हामीले केही बर्षअघि लेकवेशी नगरपालिकालाई चिठी पठाएर उत्खनन गर्न भन्दा उहाँहरुले नै सक्दैनौं भन्ने जवाफ दिनुभएको हो', उनी भन्छिन्, 'उताबाट गरिएको राजस्व पाउनुपर्ने माग हामीले सम्बोधन गर्छौं, तर, प्रचलित राजस्व बाँडफाँटसम्बन्धि कानुनअनुसार मात्र हुन्छ।'

# धागोबाट सृजना आत्मनिर्भर बन्दै आमाहरू

**◣युग संवाददाता**
**दाङ, २५ साउन ।**

दाङ बङ्गलाचुलीकी सुमिला नेपाली घोराही बसेर छोरी पढाउँदै आएका छन्। पहिले छोराछोरीलाई स्कुल पठाएपछि घरमा आएर टिकटक, फेसबुक चलाउनेबाहेक खासै काम हुँदैनथ्यो। तर, अहिले उनको दैनिकी फेरिएको छ। उनी धागोबाट विभिन्न सामग्री बुन्न व्यस्त छन्।

"पहिले त छोराछोरीलाई स्कुल पठायो, त्यसै बस्यो, समय बिताउनको कठिन हुन्थ्यो", उनले भने, "तर अहिले समय बिताउन पनि सहज भएको छ, आम्दानी पनि हुने गरेको छ।" उनले धागोबाट विभिन्न सामग्री बुन्न सुरु गरेका हुन्। अहिले उनको हातमा धागोमात्रै छैन, नयाँ सीप सिकेर आत्मनिर्भर बन्ने आत्मविश्वास पनि थपिएको छ।

त्यस्तै, पूर्वीरुकुमकी झरना बुढामगर पढ्न दाङको घोराही आएका हुन्। पढाइबाहेक खाली समय कसरी बिताउने भन्ने अन्योलमा रहेकी उनको दैनिकी पनि अहिले फेरिएको छ। घोराहीस्थित स्वप्न होजियारी उद्योगमा सम्पर्क भएपछि उहाँले धागोबाट विभिन्न सामग्री बनाउन सिके।

"अहिले त व्यस्त भइयो", उनले भने, "केही नयाँ कुरा सिक्न पाउँदा धेरै फाइदा भएको छ।" उहाँहरूमात्रै होइन, धेरै महिला धागोबाट विभिन्न सामग्री बुन्न व्यस्त छन्। हिजोसम्म घरधन्दा र छोराछोरीलाई स्कुल पठाएपछि 'के गर्ने ?' भन्ने अन्योलमा रहेका महिला अहिले व्यावसायिक काममा जोडिन थालेका छन्। उनीको हातमा क्रुस र सियोमात्रै छैन, आत्मनिर्भर बन्ने एउटा दरिलो आधारसमेत देखिन थालेको छ।



हाल स्याउ, सुन्तला, गाजरलगायत आकर्षक ढाँचाका सामग्री बनाउन सीप सिकिकेका छन्। उद्योगमा कार्यरत महिला विद्यालयका लागि आवश्यक वर्णमाला, खेलौनालगायत सामग्री बनाउन पनि व्यस्त हुने गरेका छन्। 'ए प्लसदेखि जेब्रासम्म- ए टु जेड'का सामग्रीसमेत धागोबाटै बनाउने गरिएको छ।

विभिन्न ५६ प्रकारका धागोका सामग्री बनाउने गरिएको उद्योगकी प्रमुख रचना सुवेदीले जानकारी दिए। दाङको घोराहीमा मुख्य उद्योग सञ्चालन गर्दै आएको यस संस्थाले महिलालाई तालिम र रोजगारीसँग जोड्दै आएको छ।

उनका अनुसार अहिले विद्यालयले समेत धागोबाटै सामग्री बनाउन थालेपछि यसको माग बढेको छ। सबै सामग्री धागोबाटै बनाउन थालेपछि निकै काम पाएका छौं", उनले भने, "विद्यार्थीलाई सिकाउन पनि सहज हुने र वातावरणमैत्री हुने भएकाले सबैले यसको माग बढेको छ।" उनका अनुसार ऊनबाट बनाइएका यी सामग्री बालबालिकाका लागि सुरक्षित छन्। अन्य सामग्रीजस्तो चोट लाग्ने जोखिम कम हुने भएकाले बालबालिकाले प्रयोग गर्न सक्ने र पुनः प्रयोग गर्न सकिने भएकाले पनि यसको आकर्षण बढेको छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# पन्ध्र अर्बमा सुर्खेतमा बन्दै छ सिमेन्ट उद्योग

**युग संवाददाता**
**सुर्खेत, २४ साउन ।**

पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-९, सुनाकाँडामा सूर्यतारा सिमेन्ट उद्योगको निर्माण सुरु भएको छ। अहिले उक्त उद्योगका लागि आवश्यक पर्ने क्रसर प्लान्ट, आवासलगायतका संरचना निर्माणको गति बढाइएको छ।

सरकारी र निजी जग्गा गरी करिब पाँच सय रोपनी क्षेत्रमा सो उद्योगको संरचना निर्माण भइरहेको छ। उद्योगका परियोजना प्रमुख सञ्जय मिश्राका अनुसार अहिले २५० मजदुरले काम गरिरहेका छन्। उनले अहिले प्लान्ट उद्योगका लागि संरचना बनाउन माटो परीक्षण, उद्योगका लागि बनाइने आवासलगायतका संरचनाको काम सुरु भइसकेको बताए।

अबको १८ महिनाभित्र संरचना निर्माण गरी उद्योग सञ्चालनको तयारी थाल्ने लक्ष्य रहेको मिश्राले जानकारी दिए। "संरचना निर्माण भइरहेको छ, यही गति जारी रहेमा अबको १७/१८ महिनाभित्र उद्योग सञ्चालन गरिसक्ने लक्ष्य रहेको छ," उनले भने। उनका अनुसार उद्योगको लागत करिब १५ अर्ब रुपियाँ रहेको छ।

उद्योगको संरचना निर्माण धमाधम भए पनि त्यहाँसम्म पुग्ने सडकको अवस्था भने नाजुक रहेको छ। चौकुने गाउँपालिकाको केन्द्र गुठुबजारबाट जाने सडकमा गुटुखोलामा पुल छैन भने कैलाली चिसापानी आउने सडकको अवस्था पनि नाजुक छ।

पुल निर्माण नहुँदा उद्योगका लागि आवश्यक पर्ने सामग्री ल्याउन निकै कठिन भएको उद्योगका परियोजना प्रमुख मिश्राले बताए। उहाँले स्थानीय तथा प्रदेश सरकारलाई सो दुई वटा सडक स्तरोन्नति गर्न र पुल निर्माण गरिदिन आग्रह गरे। उद्योग स्थलमा निर्माण सामग्री ल्याउन निकै कठिन भएकाले उक्त अवस्था सुधार नभए चुनौती बढ्ने उल्लेख गरे। चौकुने गाउँपालिकाले भने उद्योग स्थललाई आवश्यक पर्ने स्थानीय नीतिगत पैरवी र स्रोत अनुसारको सहयोग गरेको जनाएको छ।

## माछापालनबाट...

उनका लागि सहज थिएन। पोखरी, बाँध, पानी आपूर्तिको व्यवस्था, अन्य भौतिक संरचना निर्माणमै लाखौं खर्च गर्नु परेको थियो।

चौधरीले सुरुमा रु २५ लाख लगानी गर्नुभएको थियो। पछि क्रमशः लगानी बढ्दै गयो। लगानी उठ्दैन भन्ने डर नभएको होइन, विनोदलाई अन्ततः धैर्यताको फल मीठो हुन्छ भने जस्तै पाँच वर्षमा उनको लगानी उठिसकेको छ। विनोद अहिले नाफामा छन्।

उनका अनुसार व्यवसायको सुरुआती चरणमा आम्दानीभन्दा खर्च धेरै हुने भएकाले परिवार सञ्चालन गर्न कठिनाइ भएको थियो। उत्पादन कम हुनु, बजार व्यवस्थापनमा अनुभवको कमी तथा निरन्तर लगानी आवश्यक पर्नुले आर्थिक दबाब बढाएको उनी सम्झन्छन्।

"सुरुमा कमाईभन्दा लगानी धेरै थियो। परिवार चलाउन पनि गाह्रो भयो। व्यवसाय टिकाउन धैर्य चाहिने रहेछ। दुई-तीन वर्षसम्म त नाफा भन्ने कुरा नै भएन," उनले भने। सुरुका वर्ष उत्पादन कम भएकाले वार्षिक रु पाँच लाखको माछा बिक्री हुने गरेको थियो। पछिल्ला वर्षमा उत्पादन बढ्दै गएपछि वर्षमा दुई पटकसम्म माछा बिक्री गर्न सकिने अवस्था बनेको छ। यससँगै वार्षिक आम्दानी पनि करिब रु २५ लाखसम्म पुगेको उनले जानकारी दिए। बजारमा ताजा माछाको माग निरन्तर बढिरहेकाले गुणस्तरीय उत्पादन गर्न सके अझ राम्रो आम्दानी लिन सकिने सम्भावना रहेको उनको विश्वास छ। बर्खायाममा बाँध भत्किने, पानीको सतह नियन्त्रण, पोखरी सफा, पानीको गुणस्तर कायम राख्नुपर्ने काममा हरेक वर्ष थप खर्च हुने गरेको उनले बताए। उनले पाँच वटा ठूला पोखरीमा व्यावसायिक रूपमा माछापालन गरिरहेको छ। चौधरीका अनुसार व्यवसाय सुरु गर्दा आवश्यक प्राविधिक ज्ञानको अभाव थियो। त्यसपछि विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त तालिम, प्राविधिक परामर्श र अनुभवी किसानसँगको सिकाइले व्यवसायलाई व्यवस्थित बनाउन महत्वपूर्ण सहयोग पुगेको उनले बताए।

## आलोपालो...

कुरा मिलेको छैन।'

सुर्खेतकै भेरीगंगा नगरपालिका र गुर्भाकोट नगरपालिकाबीच पनि आलोपालो सहमति भएको छ। बीचमा पर्ने गोचेखोलाको नदीजन्य पदार्थ संकलनका लागि यी दुई पालिकाले पनि आलोपालो गर्ने गरेका छन्।

दैलेखका महाबु गाउँपालिका र भैरबी गाउँपालिकाको बीचमा पर्ने छामघाट खोला पनि दुई पालिकाको साझा खोला हो। 'आपसी समझदारी गरेर एक बर्ष हामीले अर्को बर्ष भैरवीले नदीजन्य पदार्थको ठेक्का लगाउँछौं, २०७४ सालबाटै यसमा दुवै पालिकाका गाउँसभा वैठक बसेर निर्णय गरिएको छ। समस्या छैन।' महाबु गाउँपालिकाका अध्यक्ष जंगबहादुर शाहीले भने। कतिपय यस्ता साझा खोलाहरुमा भने बग्ने पानीले छुट्याएको भागलाई आफ्नो क्षेत्र मानेर उत्खनन ठेक्का लगाउने गरिएको छ।

दैलेखकै चामुण्डाबिन्द्रासैनी गनरपालिका र दुल्लु नगरपालिकाको साझा खोला पादुका खोला, दैलेखकै डुंगेश्वर गाउँपालिका, गुराँस गाउँपालिका र नारायण नगरपालिका बीच पर्ने दुई वटा साझा खोलाहरु पराजुली खोला र लोहोरे खोलाहरुमा पालिकाले बग्ने पानीले छुट्याएको भागलाई आफ्नो क्षेत्र मानेर उत्खनन् गर्ने गरेका छन्।

जाजरकोटको छेडागाड नगरपालिका, शिवालय गाउँपालिका र भेरी नगरपालिकाको बीचमा पर्ने साझा खोला छेडा खेलाको नदीजन्य पदार्थ उत्खननमा पनि पालिकाहरुले बग्ने पानीले विभाजन गरेको क्षेत्रलाई आधार मानेर ठेक्का लगाउने गरेका छन्।

'हामीले बग्ने पानीले छुट्याएको किनारबाट आ-आफ्नो क्षेत्रमा नदीजन्य पदार्थ ठेक्का लगाउँछौं, आ-आफ्नो कानुन बनाएर काम गरेका छौं। यो विषयमा अहिलेसम्म विवाद सिर्जना भएको छैन।' छेडागाड नगरपालिकाका उपमेयर चन्द्रबहादुर थापाले भने।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री उमा जैसी धनी रहेको, दर्ता नम्बर २४२/२६४२/०७९/०८० बाट कुशे गा.पा.-२, जाजरकोटमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री कुशे चप्पल उद्योग नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## वीरेन्द्रनगर नगरपालिका
## वडा नं. ३ को कार्यालय
## सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

(प्रकाशित मिति : २०८३/०४/२६ गते)

सुर्खेत वी.न.नपा. वडा नं. ३ बस्ने श्री मनपुरा वि.क. टमटाले यस वी.न.नपा. वडा नं. ३ साविक लाटिकोइली ७ख कि.नं. १०९७४, क्षेत्रफल १०२.२५ वर्ग मी.मा नक्सा पासका लागि यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन।

**तपसिल :**
**पूर्व जग्गाधनी :** रजनी कुमारी खड्का
**पश्चिम जग्गाधनी :** चन्द्र प्रसाद देवकोटा
**उत्तर जग्गाधनी :** बाटो
**दक्षिण जग्गाधनी :** विकास जैसी

## निष्प्रभावी...

पनि छैन।

यद्यपि मापदण्डको दफा-३ मा जिल्ला अनुगमन समितिले ढुंगा, गिट्टी, बालुवा व्यवस्थापन सम्बन्धमा विभिन्न विषयमा अनुगमन गरी सम्बन्धित उत्खनन वा संकलनकर्तालाई आवश्क निर्देशन दिन वा सम्बन्धित पालिकालाई कारबाहीको लागि लेखेर पठाउन सक्ने व्यवस्था छ।

जसमा वातावरणीय अध्ययन प्रतिवेदनका सर्तको पालना, उत्खनन् र संकलनको लागि स्वीकृत विधि, प्रक्रिया र परिमाणबारे व्यवस्थाको पालना, राजस्व चुहावट तथा निकासी, ढुवानी गर्ने साधनद्वारा तोकिएका नियम पालना, ठेक्काको परिपालना, बजार मूल्य नियन्त्रण, क्रसर उद्योगहरुले मापदण्ड पूरा गरे/नगरेको र समितिले आवश्यक देखेका अन्य विषयहरुमा समितिले पालिकालाई लेखी पठाउन सक्ने भनिएको छ।

सुर्खेतमा तीन वटा पालिकाबीच उत्पन्न यो समस्या समाधानका लागि पहल गरेपनि टुंगोमा पुग्न नसकिएको जिल्ला अनुगमन समिति संयोजक एवम् जिल्ला समन्वय समिति सुर्खेतका प्रमुख गंगाराम सुनार बताउँछन्।

उनले स्पष्ट व्यवस्था नभएपनि समितिले मापदण्डमा लेखिएको 'आवश्यक अन्य विषयहरु' भन्ने वाक्यलाई आधार मानेर साझा खोलाको स्रोत उपयोगको लागि विवाद नआउनेगरि काम गर्न निर्देशन दिईएको भएपनि कार्यान्वयन हुन नसकेको स्वीकार गरे।

'हामीले वीरेन्द्रनगर र सिमाना जोडिएका पालिकाबीचको यस्तो समस्या समाधानका लागि पहल नगरेको होईन, तर हामीसँग यो 'जसरी पनि गर्नुस्' भनेर ताकेता गर्ने अधिकार छैन,' संयोजक सुनारले भने।

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइ संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन्।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)





Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।